# चारपाला सामुदायिक वनमा समावेशीकरणको सफल अभ्यास

**नारायण धिताल**

## परिचय

मध्य नेपालको लुम्बिनी अञ्चल, रुपन्देही जिल्लाको उत्तरी भागमा चारपाला सामुदायिक वन रहेको छ । समुद्री सतहबाट ४०० मिटर देखि १२०० मिटरसम्मको उचाइमा रहेको यो वनको क्षेत्रफल १५५८.२५ हेक्टर छ । वि.सं. २०५४/२/३० गते विधिवत रुपमा वन हस्तान्तरण भएको यो सामुदायिक वन क्षेत्रफलका हिसाबले नेपालकै दोस्रो ठूलो रहेको छ । यो वन क्षेत्रभित्र केही समतल जमिन, भावर प्रदेश र चुरे पर्वत क्षेत्रहरू पर्दछन् । यो मूल रुपमा उष्ण प्रदेशीय वन क्षेत्र हो ।

चारपाला सामुदायिक वन क्षेत्र भित्र विभिन्न किसिमका वनहरू पाइन्छन् । खास गरेर उष्ण हावापानी भएको हुनाले यहाँ कडा काठ हुने जातका रुखहरू बढी मात्रामा पाइन्छन् । साल, साज, सतिसाल, जामुन, सिसौ, कुसुम, बाँझी, बेल, हर्रो, बर्रो आदि यहाँका मुख्य प्रजातिहरू हुन् जुन आर्थिक रुपले महत्वपूर्ण मानिन्छन् । यस वन क्षेत्रको ७०% ओगट्ने पहाडी क्षेत्रमा ठूला रुखहरू छन् भने ३०% ओगट्ने समथर भागमा अधिकांश लाथ्रा (पोल) साइजका रुखहरू रहेका छन् ।

चारपाला सामुदायिक वन उपभोक्ता समूह रुपन्देही जिल्लाका सात गा.वि.स.हरू (सेमलार, खड्ग वनगाई, मानपकडी, मान मटेरिया, मोतिपुर, फर्सा टिकर र अमवा) र बुटवल नगर पालिकाको १४ नं. वडामा फैलिएको छ । यस समूहमा २०६२ साल फाल्गुण सम्मको तथ्याङ्क रेकर्ड अनुसार जम्मा उपभोक्ता घरधुरी संख्या ६६३८ छ भने ५०,००० भन्दा बढी उपभोक्ताहरु रहेका छन् । नेपालका आम सामुदायिक वन उपभोक्ता समूहहरू भन्दा ठूलो सामुदायिक वन भएकाले विशेष गरेर यस लेखमा यो समूह के कसरी संचालन भईरहेको छ भन्ने बारेमा तल छोटो चर्चा गर्न प्रयास गरिएको छ ।

## वन व्यवस्थापनको उद्देश्य

उल्लेखित गा.वि.स.हरू र नगरपालिका क्षेत्रका उपभोक्ताहरूको घाँस, दाउरा, डालेघाँस तथा हलो, जुवा लगायतका कृषि औजार सम्बन्धी आवश्यकता पूरा गर्ने तथा निर्माणको लागि आवश्यक काठ सुपथ मूल्यमा जो सुकैलाई बिना भेदभाव उपलब्ध गराउने मूल उद्देश्यले यो समूह सङ्गठित भएको हो । यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

- समूहमा हस्तान्तरण भएको वनको संरक्षण, सम्वर्धन र उचित व्यवस्थापन गर्नुका साथै दैनिक उपभोग्य वस्तु जस्तै: दाउरा, घाँस, वनकस, लकडी आदि उपभोक्ताहरूलाई निरन्तर आपूर्ति गर्ने ।
- वनको महत्वबारे उपभोक्तालाई जानकारी गराई जनचेतना अभिवृद्धि गर्ने ।
- वातावरण सन्तुलन तथा भू-क्षय नियन्त्रणमा सघाउ पुऱ्याउने ।
- समूहको सदस्यहरूलाई सीपमूलक तालिम प्रदान गरी आय आर्जन तथा जीविकोपार्जन सुधारमा सहयोग पुऱ्याउने ।

## साङ्गठनिक ढाँचा र प्रतिनिधित्व

यो समूह आन्तरिक शासनका हिसाबले नेपालकै नमुना उपभोक्ता समूह हो । यसमा उपभोक्ता समूहको कार्यकारिणी समिति अन्य उपभोक्ता समूहहरूमा जस्तो प्रत्यक्ष निर्वाचनबाट छानिदैन । बरु

विभिन्न उपसमितिका सदस्यहरूले मूल समितिको निर्वाचन गर्दछन् । परिषद प्रणालीको यो प्रयोगका विभिन्न आयामहरू (कानुनी, सामाजिक आदि) मा बहस हुँदै आएको छ । समयको क्रमसँगै यो प्रणालीमा पनि विभिन्न परिमार्जनहरू हुँदै आएका छन् । यस समूहको अध्ययन गर्दा विकासको उपक्रम अझै जारी देखिन्छ । यसको प्रमुख विशेषता के देखिन्छ भने जति पनि नयाँ प्रयोगहरू गरिएका छन्, ती सबैको मुख्य उद्देश्य उपभोक्ताको प्रत्यक्ष सहभागितामा वृद्धि गर्नु नै हो ।

प्रत्येक गा.वि.स.मा एक-एकओटा उप–समिति र वुटवल नगरपालिका वडा नं. १४ का पाँचओटा वस्ती प्रत्येकबाट एक एक उप–समिति गरी जम्मा १२ ओटा उप–समितिहरू गठन गरिएका छन् । सुरुमा ती उप–समितिहरूमा ११ जना सदस्यहरू हुन्थे (गा.वि.स.को प्रत्येक वडाबाट १ जनाका दरले निर्वाचित र अध्यक्षद्वारा २ जना महिला मनोनित) । यसरी १२ ओटा उप–समिति प्रत्येकका ११ जना सदस्यहरू मिलाई १३२ सदस्यीय एक उपभोक्ता परिषद् निर्माण हुन्थ्यो । उप–समितिका सदस्यहरूको निर्वाचन हुँदा उक्त उप–समितिको अध्यक्ष र उप–समितिबाट मूल समितिमा प्रतिनिधित्व गर्ने सदस्य पनि निर्वाचित हुन्थे । उप समितिका अध्यक्षले उपभोक्ता परिषद्मा प्रतिनिधित्व त गर्थे तर मूल समितिका प्रमुख पदहरूमा प्रतिस्पर्धा गर्न पाउदैनथे । कार्ययोजना निर्माण, संसोधन, मूल समितिको निर्वाचन, कार्यसमितिका कार्यहरूको अनुगमन, मूल्याङ्कन आदि उक्त परिषद्का प्रमुख जिम्मेवारीहरू हुन् ।

२०५८ सालमा आएर समूहको विधान संसोधन गरी उप–समितिका सदस्यको संख्या ११ बाट १३ पुऱ्याइयो जसमा एक दलित र एक महिलाको थप मनोनयन गर्ने व्यवस्था थपियो । नयाँ व्यवस्था अनुसार परिषद्का सदस्यको संख्या १३२ बाट बढेर १५६ पुग्यो । २०६१ सालको साधारण सभाले विधानमा पुन: संसोधन गऱ्यो र उप–समितिका सदस्यहरूको सङ्ख्या १३ बाट बढाई २१ पुऱ्याइयो । २१ सदस्यमा १८ जना (प्रत्येक वडाबाट १ महिला, १ पुरुष) निर्वाचित तथा ३ जना (१ महिला, १ दलित र १ विपन्न) मनोनित हुन्छन् । यसरी नयाँ व्यवस्था अनुसार परिषद् सदस्य सङ्ख्या १५६ बाट बढेर २५२ पुगेको छ ।

## उपभोक्ता समितिको गठन

यी २५२ सदस्यीय परिषद्का सदस्यहरू कार्यकारिणी समितिका प्रमुख पदहरूमा चुनावी प्रतिस्पर्धामा उत्रन्छन् । यी मध्ये उप–समितिका अध्यक्ष र मूल समितिमा उप–समितिबाट प्रतिनिधित्व गर्ने सदस्य प्रमुख पदका लागि प्रतिस्पर्धा गर्दैनन् । उपाध्यक्ष र सह–सचिवको पद महिलाका लागि आरक्षण गरिएको छ । नयाँ व्यवस्थामा कार्यकारिणी समितिमा २३ जना सदस्य रहने व्यवस्था छ । १२ जना सदस्य १२ ओटा उप–समितिबाट निर्वाचित भएर आउँछन् । ५ ओटा प्रमुख पदहरू (अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष) परिषद भित्र प्रतिस्पर्धा गरी निर्वाचित हुन्छन् । बाँकी ६ सदस्यहरू (२ महिला, २ दलित, १ जनजाति र १ विपन्न) कार्यकारिणी समितिले परिषद सदस्य मध्येबाट मनोनित गर्दछ । यसरी २३ सदस्यीय मूल उपभोक्ता समिति गठन गरिन्छ ।

## प्रजातान्त्रिक अभ्यास

झट्ट हेर्दा चारपाला सामुदायिक वन उपभोक्ता समूहको स्वशासनमा प्रजातान्त्रिक प्रणाली प्रतिविम्वित भए/नभएको यकिन गर्न मुस्किल पर्दछ तर गहिरिएर हेर्दा त्यहाँ प्रतिनिधिमूलक प्रजातान्त्रिक प्रणालीले काम गरेको पाइन्छ । उपभोक्ता परिषद सम्पूर्ण उपभोक्ता प्रति र उपभोक्ता समिति उक्त परिषद प्रति उत्तरदायी हुने र उनीहरूले निश्चित अवधिमा निर्वाचनको सामना गर्नुपर्ने भएकोले प्रतिनिधिमूलक प्रजातन्त्र छ भन्न सकिएको छ । अझ महिला, दलित, जनजाति र विपन्नहरूलाई समेत अनिवार्य

रुपमा समिति र उप–समितिहरूमा समावेश गराएर यसले समावेशी प्रजातन्त्रको अभ्यास पनि गरिरहेको छ ।

यति हुँदाहुँदै पनि ठूलो समूहको प्रतिनिधित्व गर्ने सीमित व्यक्तिले सम्पूर्ण निर्णयहरू गर्ने भएकोले टाठा बाठाहरूले बढी फाइदा लिने र पछिडिपरिएका तथा गरिब वर्गको स्रोत माथिको पहुँच सीमित हुने तथ्यलाई भने नकार्न सकिदैन । त्यसैले विकास क्रमसँगै बढीभन्दा बढी उपभोक्ताहरूलाई नीति निर्माण र निर्णय प्रक्रियामा सहभागी गराउदै लानु पर्ने आवश्यकता टड्कारो देखिन्छ ।

**उपभोक्ता समूहको संस्थागत विकास**

२०५४/२/३० मा विधिवत वन हस्तान्तरण भई सङ्गठित संस्थाको रुप लिएको यो समूहले आठ वर्षको सङ्गठित अनुभव संगाली सकेको छ । हरेक महिनाको १० गते उपभोक्ता समितिको बैठक बस्छ । बैठकका निर्णयहरू प्रत्येक उप–समितिबाट प्रतिनिधित्व गर्ने सदस्यले आफ्नो उप–समूहलाई जानकारी गराउँछन् । उप–समितिको बैठक पनि सकेसम्म महिनामा एक पटक र अनिवार्य रुपमा तीन महिनामा एक पटक बस्दछ । समूहको आफ्नै कार्यालय भवन र केही पूर्णकालीन कर्मचारीहरू रहेका छन् । उपभोक्ता समूहको विधान तीन पटक र कार्ययोजना एक पटक संसोधन/नवीकरण भैसकेको  छ । प्रत्येक वर्ष समूहको साधारण सभा र दुई वर्षमा एक पटक कार्य समितिको निर्वाचन हुन्छ । समूहले आफ्नो समूह भित्र “एक घरधुरी, एक सदस्य” को अवधारणा अनुसार उपभोक्ता परिचय पत्र बाँडेको छ । सदस्यले हरेक वर्ष रु. ५।- तिरी आफ्नो सदस्यता नवीकरण गर्नुपर्दछ । उपभोक्ता समूहको आफ्नो छुट्टै छाप, चिट्ठी लेख्ने प्याड र बैङ्क खाता रहेको छ । समूहको आम्दानी उक्त खातामा जम्मा गरिन्छ । अध्यक्ष र कोषाध्यक्षले संयुक्त रुपमा खाता सञ्चालन गर्दै आएका छन् ।

**दक्षिणका उपभोक्ताहरूको समावेशीकरण**

यस वन उपभोक्ता समूहले वनदेखि ८ कि.मि. दक्षिणसम्मका उपभोक्ताहरूलाई समावेश गराएको छ । यसरी समावेश भएका गा.वि.स. प्रत्येकमा उप–समितिहरू छन् जसले उपभोक्ताको काठ सम्बन्धी आवश्यकता वा माग सङ्कलन गर्ने गर्दछन् । यस बाहेक समूहले दक्षिणका उपभोक्ताहरूका लागि दक्षिणी भेगमा एक काठ दाउराको डिपो सञ्चालन गर्दै आएको छ र निकट भविष्यमा नै अर्को डिपो सञ्चालन गर्ने योजना छ । समूहको आफ्नै ट्याक्टरले ढुवानी गरी काठ जङ्गलबाट डिपोसम्म पुऱ्याउँछ र सुपथ मूल्यमा २० क्यू.फि. सम्म काठ प्रति एक परिवारलाई वितरण गर्ने गर्छ । यसबाट दक्षिणका उपभोक्ताहरू पनि सन्तुष्ट देखिन्छन् ।

**निष्कर्ष**

चारपाला सामुदायिक वन उपभोक्ता समूहको सुशासनको अध्ययनले यो एक प्रजातान्त्रिक र जन उत्तरदायी प्रणाली हो भन्ने देखाएको छ । सामुदायिक वनको अवधारणा भित्रै रहेर पनि तराईमा उत्तर र दक्षिणका उपभोक्ताहरूको समन्वयात्मक सहभागितामा वन व्यवस्थापन गर्न सकिन्छ भन्ने उदाहरण यस समूहले प्रस्तुत गरेको छ । यसले गर्दा तराईमा सामुदायिक वनको अवधारणा ठीक छैन भन्नेहरुका लागि यस सामुदायिक वनले मुखभरीको जवाफ दिएको छ । समावेशीकरणलाई अझ विस्तृत बनाउने हो भने तराईमा सामुदायिक वन कार्यक्रम सम्भव छ र भैरहेको प्रणालीलाई रचनात्मक प्रयोग नगरी अन्य कुनै प्रणालीको नाममा देशको अमूल्य स्रोतको प्रयोग गरी जन अधिकार कुण्ठित हुने केन्द्रीकृत प्रणालीको प्रयोगको कुनै अर्थ छैन ।

(लेखक प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रमा काम गर्नुहुन्छ ।)